# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५१) काठमाडौं, पुस १७ गते २०५८ साल (अतिरिक्तांक ५९ (क)


## भाग ३

### श्री ५ को सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी संयुक्त राज्य अमेरिका, क्यानडा र यूरोपेली संघबाट प्राप्त तयारी पोशाक तथा वस्तुहरूको कोटा वितरण नीति देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१ तयारी पोशाक उद्योगसँग न्यूनतम ५० थान सिलाई मेशिन (हस्तकला र कुटिर उद्योग बाहेक) र आफ्नो घर वा भाडाको घरमा उद्योग सञ्चालन भएकोलाई मात्र कोटा वितरण गरिनेछ । होजियरी उद्योगका लागि फ्ल्याट लक (Flat Lock) र ओभर लक (Over Lock) गरी कम्तीमा १० वटा मेशिन हुनु पर्नेछ ।

२. तयारी पोशाक वा टावेलको भिसा सिफारिश गर्दा आवश्यकता अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको प्रतिनिधि, उद्योग विभाग, सम्बन्धित संघ र राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र समेतका पदाधिकारी सहितको टोलीले उद्योगको स्थलगत निरीक्षण गर्ने छ । नयाँ उद्योगको लागि भिसा दिनु पूर्व यस्तो निरीक्षण अनिवार्य रूपले गर्नु पर्नेछ ।

३. तयारी पोशाक, सप टावेल, टेरी टावेल उद्योगहरू र व्यापारिक फर्महरूले निकासीका लागि प्राप्त गरेको भिसा परिमाण बिक्री, हस्तान्तरण वा सट्टा पट्टा गर्न पाइने छैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. विदेशी क्रेताले खोल्ने प्रतितपत्रमा तेश्रो व्यक्ति सम्झौता (Third Party Negotiation) गर्न पाइने छैन।

५. नेपाली कपडा वा धागो खरिद गरी वा वण्डेड वयर हाउस अन्तर्गत कपडा वा धागो पैठारी गरी, वा धागो सोझै आयात गरी (कटन टावेलको हकमा) उत्पादित तयारी पोशाक र टावेलका लागि मात्र तोकिएको ढाँचामा आवेदन गरेपछि भिसा उपलब्ध गराइने छ । तयारी पोशाक उद्योगले नेपाली कपडा प्रयोग गरेको प्रमाणित गर्दा आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको उद्योगको प्रमाणित बिल सहितको नेपाली कपडा खरिद गरेको कागजात पेश गरेमा सोही बमोजिम गरिने छ । यदि त्यस्तो बिल पेश गर्न नसकेमा घरेलु तथा साना उद्योग विभागले नेपाली कपडा हो भनि प्रमाणित गरिदिएको कागजातलाई आधार मानिने छ ।

६. नेपालका लागि उपलब्ध कोटा मध्येबाट गत वर्ष संयुक्त राज्य अमेरिका, क्यानडा र युरोपेली संघ लगायत अन्य मुलुकमा निकासी भएका सबै प्रकारका तयारी पोशाकको वर्गमा नेपाली कपडा प्रयोग गर्ने उद्योगहरूको लागि ५ प्रतिशत, अमेरिका र क्यानडामा नन्कोटा वर्ग निकासी गर्ने उद्योगका लागि २ प्रतिशत, चालु वर्षमा नेपाली कपडा प्रयोग गरी निर्यात गर्ने उद्योगका लागि २ प्रतिशत, ट्रेडिङ्ग फर्महरूका लागि १ प्रतिशत र जगेडा २ प्रतिशत गरी जम्मा १२ प्रतिशत छुट्याइएको छ । बाँकी ८८ प्रतिशत कोटा पहिला माग गर्न आउनेलाई पहिलो प्राथमिकता (First Come First Serve) को आधारमा भिसा उपलब्ध गराइने छ । जगेडाको लागि छुट्याइएको २ प्रतिशत १ डिसेम्बर देखि पहिला आउनेलाई पहिलो प्राथमिकताको आधारमा बितरण गरिने छ । नेपाली कपडा प्रयोग गरी निकासी गर्ने उद्योगको लागि छुट्याइएको अमेरिका र क्यानडामा नन्कोटा वर्गको तयारी पोशाक निर्यात गर्ने उद्योगको लागि छुट्याइएको २ प्रतिशत समेत गरी ९ प्रतिशत कोटा ३० सेप्टेम्बरसम्म निकासी भई बाँकी रहन गएको परिमाण १ अक्टोबर देखि पहिला आउनेलाई पहिलो प्राथमिकताको आधारमा वितरण गरिने छ । ट्रेडिङ्ग फर्मका लागि छुट्याइएको १ प्रतिशत कोटा नोभेम्बरको अन्त्य सम्ममा निकासी भई बाँकी रहन गएको परिमाण १ डिसेम्बर देखि पहिलो प्राथमिकताको आधारमा वितरण गरिनेछ ।

७. नेपाली कपडा प्रयोग गरी गत वर्ष तयारी पोशाक निर्यात गर्ने उद्योगहरूको लागि प्रोत्साहन स्वरूप छुट्याइएको ५ प्रतिशत कोटाबाट एकलाख अमेरिकी डलर बराबरको परिवर्त्य विदेशी मुद्रा बराबरको तयारी पोशाक निर्यात गरेका उद्योगलाई बढीमा १०,००० (दश हजार) थानका दरले भिसा दिइने छ ।

८. नेपाली कपडा प्रयोग गरी चालु वर्षमा निर्यात गर्न चाहने उद्योगका लागि छुट्याइएको २ प्रतिशत कोटाबाट एक पटकमा २,००० (दुई हजार) थानका दरले पहिलो आउनेलाई पहिलो प्राथमिकताको आधारमा कोटा उपलब्ध गराइने छ । नेपाली कपडा प्रमाणित गर्ने प्रक्रिया प्रकरण ५ मा उल्लेख भए बमोजिम हुनेछ । होजियारी तयारी पोशाक उत्पादन गर्ने उद्योगले WOVEN को कोटा माग गरेमा निरीक्षण गराउनु पर्नेछ ।

९. सबै प्रकारका तयारी पोशाकको कोटा वर्गमा नेपाली कपडा प्रयोग गर्ने उद्योगकालागि छुट्याइएको २ प्रतिशत कोटा मध्येबाट चालू वर्षमा आंशिक रूपमा नेपाली कपडा प्रयोग गरी निकासी गरेमा आन्तरिक राजश्व कार्यालयले प्रमाणित गरेको नेपाली कपडा खरिद गरेको बिलमा उल्लेख भएको मूल्यको आधारमा रू. १ लाख मूल्य बराबरको नेपाली कपडा खरिद गरी प्रयोग गर्ने निकासीकर्ताको लागि २००० (दुई हजार) थान कोटा प्रदान गरिनेछ । खरिद गरेको नेपाली कपडा मध्ये निकासी हुने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६९८

तयारी पोशाकमा के कति कपडा खपत हुन गएको हो सो जाँची नेपाल तयारी पोशाक उद्योग संघले खरिद गरेको नेपाली कपडाको खपतको आधारमा प्रोत्साहन कोटा सिफारिश गर्ने छ। यस सम्बन्धमा खपत एकिन गर्न आवश्यक भएमा तयारी पोशाक निर्यात प्रवर्द्धन समितिबाट गठित कपडा खपत इकाईमा पठाउनु पर्नेछ।

१०. अमेरिका र क्यानडामा नन्कोटा वर्गको तयारी पोशाक निर्यात गर्ने उद्योगको लागि प्रोत्साहन स्वरूप छुट्याइएको २ प्रतिशत कोटा जुन जुन उद्योगले प्राप्त गरेको हो सोही उद्योगले कपडा आयात गरी सोही उद्योगमा उत्पादन गरी सोही उद्योगको नाममा मात्र निकासी गर्नु पर्नेछ। नन्कोटा वर्गका लागि छुट्याइएको कोटाबाट निकासी गर्न भिसा लिनु पूर्व निरीक्षण गराउनु पर्नेछ।

११. तयारी पोशाकको कुनै वर्गमा ६ प्रतिशत स्वींग तथा ६ प्रतिशत क्यारी फर्वाड गरी प्राप्त हुने कोटा परिमाण संयुक्त राज्य अमेरिकामा WOVEN तयारी पोशाक गत वर्ष निर्यात गरेको मूल्यको आधार PPEX (Past Performance Export) मा समानुपातिक ढङ्गले वितरण गरिनेछ। तर तयारी पोशाक वर्ग ३४७/३४८ तथा ३३६/६३६ अन्तर्गत Woven र होजियरी दुबै एउटै वर्गमा पर्ने हुनाले होजियरीको वर्ग ३४७/३४८ र ३३६/६३६ को निकासी मूल्य समावेश गरिनेछ। यसरी गत वर्ष निर्यात गरेको मूल्यको आधार (PPEX) मा प्राप्त हुने कोटा परिमाण अक्टोबरको अन्त्य सम्ममा निकासी गरी बाँकी रहन गएको परिमाण १ नोभेम्बर देखि पहिलो प्राथमिकताका आधारमा वितरण गरिनेछ। तर कसैले कन्फर्मड प्रतितपत्र सहित समयावधी थपका लागि निवेदन दिएमा नेपाल तयारी पोशाक उद्योग सघको सिफारिशमा ३० नोभेम्बरसम्मका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले समयावधी थप गर्न सक्नेछ।

१२. अमेरिका र क्यानडामा नन्कोटा वर्गका तयारी पोशाक निर्यात गर्ने उद्योगका लागि छुट्याइएको २ प्रतिशत कोटा परिमाण गत वर्ष निर्यात गरेको मूल्यको अनुपातमा वितरण गरिने छ।

१३. तयारी पोशाक वर्ग ३३६/६३६ का लागि एक पटकमा ५०० (पाँच सय) दर्जन सम्मको र अन्य वर्गको पोशाकको लागि एक पटकमा २,००० (दुई हजार) दर्जन सम्मको भिसा उपलब्ध गराइने छ। यदि उक्त परिमाण भन्दा बढी भिसा आवश्यक परेमा तयारी पोशाक निर्यात प्रवर्द्धन समितिको निर्णयानुसार गठित साविककै उप समितिले छानबिन गरी निर्णय गरे बमोजिम हुनेछ।

१४. ट्रेडिङ्ग फर्मको लागि छुट्याइएको १ प्रतिशत कोटा मध्येबाट एक पटकमा एक फर्मका लागि तयारी पोशाकको ३४०, ३४७/३४८ र ३३६/६३६ मा बढीमा ३० (तीस) दर्जन सम्म मात्र भिसा जारी गर्नु पर्नेछ। सो भन्दा बढी भिसा जारी गर्नु परेमा प्रकरण १३ मा उल्लिखित उप समितिले हेरी उपयुक्त ठहर्‍याए जति परिमाणको भिसा जारी गर्न निर्देशन दिन सक्नेछ।

१५. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्रले कूल कोटाको ५० प्रतिशत उपयोग नभएसम्म प्रत्येक १५।१५ दिनमा र ५० प्रतिशत कोटा परिमाण खपत भइसकेपछि प्रत्येक साताको सोमबार कोटा उपयोग स्थितिको सूचना प्रकाशित गर्नु पर्नेछ।

१६ नेपालबाट संयुक्त राज्य अमेरिका निर्यात हुने सप टावेल र टेरी टावेलको लागि माथि उल्लिखित प्रकरण २, ३, ४ र ५ को प्रावधानको अतिरिक्त निम्न शर्तहरू समेत कायम गरी कोटा वितरण देहाय बमोजिम गरिनेछः।

(क) सप टावेल तथा टेरी टावेल उद्योगसँग न्यूनतम १० (दश) थान विभिङ्ग मेशिन हुनु पर्नेछ तथा तोकिएको स्थानमा आफ्नो घर वा भाडाको घरमा उद्योग सञ्चालन भएको हुनु पर्ने छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 696

(ख) गत वर्ष सप टावेल र टेरी टावेल निकासी गरेको मूल्यको आधारमा कूल कोटाको ८५ प्रतिशत परिमाण PPEX को आधारमा वितरण गरिने छ ।

(ग) चालु वा अघिल्लो आर्थिक वर्षमा दर्ता भई चालु आर्थिक वर्षमा मात्र सञ्चालनमा आएका नयाँ उद्योगलाई कूल कोटाको ५ प्रतिशत छुट्याइएको छ । एक पटकमा नयाँ उद्योगका लागि सप टावेलको हकमा ६,००० (छ हजार) कि.ग्रा. र टेरी टावेलमा ६०,००० (साठी हजार) थान परिमाणको भिसा उपलब्ध गराइनेछ । यसरी वर्ष भरीमा एक उद्योगका लागि ३ पटक मात्र दिइने छ । यसरी नयाँ उद्योगको लागि छुट्याइएको ५ प्रतिशत कोटा मध्येबाट काठमाडौं उपत्यका भित्र स्थापना हुने नयाँ उद्योगको लागि बढीमा ४० प्रतिशतले हुन आउने परिमाण मात्रै उपलब्ध गराइने छ ।

(घ) प्रत्येक उद्योगले आफूले प्राप्त गरेको कूल कोटाको ६० प्रतिशत परिमाण ६ महिना भित्र निकासी गरिसक्नु पर्ने छ । यदि प्राप्त कोटाको ६० प्रतिशत परिमाण ६ महिनामा निकासी गर्न नसकेमा ६० प्रतिशत परिमाण मध्येबाट बाँकी रहेको परिमाण सबै जगेडामा जाने छ । यस पूर्व प्राप्त गरेको सबै कोटा परिमाण निकासी गरिसकेको उद्योगलाई पहिला आउनेलाई पहिलो प्राथमिकताको आधारमा उपर्युक्त बाँकी परिमाणको कोटा वितरण गरिने छ ।

(ङ) अमेरिका बाहेक अन्य मुलुकमा सप टावेल तथा टेरी टावेल निर्यात गर्ने तथा सप टावेल र टेरी टावेल बाहेक अन्य ननकोटा वर्गका टावेल उत्पादन गरी निकासी गर्ने उद्योगका लागि ३ प्रतिशत छुट्याइएको छ । गतवर्षमा १० हजार अमेरिकी डलर बराबरको निकासी गर्ने उद्योगका लागि एक पटकमा सप टावेलको हकमा ३,००० (तीन हजार) कि.ग्रा. र टेरी टावेलको हकमा २५,००० (पच्चीस हजार) थान टेरी टावेल कोटा प्रोत्साहन स्वरूप प्रदान गरिनेछ ।

(च) नेपालमा उत्पादित धागो प्रयोग गरी टावेल उत्पादन गर्ने उद्योगका लागि ५ प्रतिशत कोटा छुट्याइएको छ । यसरी नेपाली धागो प्रयोग गरी उत्पादन गर्ने उद्योगका लागि एक पटकमा सप टावेलको हकमा ६,००० (छ हजार) कि.ग्रा. र टेरी टावेलको हकमा ६०,००० (साठी हजार) थानको दरले कोटा वितरण गरिनेछ । कोटा प्रथम प्राथमिकताको आधारमा नै वितरण गरिनेछ । एक पटक यस्तोकोटा प्राप्त गरेपछि सामान्यतया १ महिना सम्म यस समूहबाट अर्को कोटा दिइने छैन । थप कोटा दिनु परेमा तयारी पोशाक निर्यात प्रवर्द्धन समितिको निर्णय अनुसार हुनेछ ।

(छ) व्यापारिक फर्महरूको लागि कूल कोटाको १ प्रतिशत राखिनेछ ।

(ज) कूल कोटाको १ प्रतिशत जगेडामा राखिनेछ ।

(झ) गत वर्ष निकासी गरेको PPEX को आधारमा कोटा प्राप्त गर्ने उद्योगको लागि सप टावेलको हकमा एक पटकमा १५००० (पन्ध्र हजार) कि.ग्रा. भन्दा बढीको भिसा माग भएमा तयारी पोशाक निर्यात प्रवर्द्धन समितिले तोकेको उप समितिले छानबिन गरी उपलब्ध गराउने छ । तर सोको अधिकतम परिमाण ३०,००० (तीस हजार) कि.ग्रा. भन्दा बढी हुने छैन । उपर्युक्त PPEX का आधारमा कोटा प्राप्त गर्ने टेरी टावेलका हकमा एक पटकमा १,२०,००० (एक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाख बीस हजार) थानको भिसा उपलब्ध गराइने छ । यदि १,२०,००० (एक लाख बीस हजार) थान भन्दा बढीको भिसा माग भएमा तयारी पोशाकका लागि प्रकरण १३ बमोजिमको उप समितिले छानबिन गरी उपलब्ध गराउनेछ ।

(ञ) PPEX को आधारमा कोटा प्राप्त गरी निकासी गर्ने पुराना उद्योग सञ्चालनमा छन् छैनन्, के कस्तो स्थितिमा छन् भन्ने प्रयोजनका लागि संघबाटै वर्षमा २ पटक निरीक्षण गरी सो को जानकारी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई दिनु पर्ने छ ।

(ट) यस प्रकरणमा उल्लिखित व्यवस्था अनुसार वितरण गरिएको सप तथा टेरी टावेलको कोटा परिमाण सेप्टेम्बरको अन्त्य सम्ममा निकासी गरी सक्नु पर्नेछ । निकासी नभै बाँकी रहन गएको परिमाण १ अक्टोबरदेखि स्वत: रिजर्भमा राखी प्रथम प्राथमिकताको आधारमा वितरण गरिनेछ । कसैले आफूले प्राप्त गरेको परिमाण सो अवधि भित्र निकासी गर्न नसकी प्रतित पत्र सहित समयावधी थपको माग गरेमा ३१ अक्टोबरसम्म निकासीका लागि समयावधी थप गर्न सकिने छ । तर यदि निजले उक्त थप समयावधी भित्र पनि उक्त परिमाण निकासी गर्न नसकेमा आगामी वर्षमा उक्त उद्योगले प्राप्त गर्ने जुनसुकै कोटा परिमाणबाट त्यसरी रोकी राखेको (Hold) कोटा परिमाणको दोब्बर परिमाण आगामी वर्ष कटाइने छ ।

(ठ) जगेडामा राखिएको १ प्रतिशत परिमाण १ डिसेम्बरदेखि पहिला आउनेलाई पहिलो प्राथमिकताको आधारमा वितरण गरिने छ ।

१७ श्री ५ को सरकारले आवश्यक ठानेमा कुनै तयारी पोशाक उद्योग, टावेल उत्पादन गर्ने उद्योग तथा टेक्सटाइल प्रडक्ट्सको उत्पादन तथा निर्यात गर्ने उद्योगहरूको निरीक्षण गर्न सक्नेछ ।

१८ युरोपेली संघका मुलुकहरूमा तयारी पोशाक तथा कपडाजन्य अन्य वस्तुहरूको निर्यातमा GSP सुविधा प्राप्त गर्न उत्पत्तिको नियम (Rule of origin) का प्रावधानहरूबाट उन्मुक्तिका लागि अनुरोध गरे अनुसार यूरोपेली सघबाट युरोपेली सघको उत्पत्तिको नियममा तोकिएका मुलुकहरूबाट आयानित कपडाबाट निर्मित तयारी पोशाक तथा अन्य वस्तुहरूमा तोकेको परिमाणसम्म उत्पत्तिको नियमका प्रावधानहरूको व्यवस्थाबाट उन्मुक्ति प्रदान गरे अनुसार उक्त सुविधा अन्तर्गत निर्यात गर्न पाउने गरी तयारी पोशाक उद्योग संघले पहिला माग गर्न आउनेलाई पहिलो प्राथमिकताको आधारमा नियान गर्न सिफारिश गर्नेछ ।

१९ तयारी पोशाक तथा वस्तुहरूको व्यापारिक फर्महरूको लागि छुट्याइएको कोटा परिमाणबाट नपुग भएमा समितिको सिफारिशमा आवश्यकता हेरी जगेडामा रहेको परिमाणबाट थप दिन सकिने छ ।

२० माथिका प्रकरणहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि तयारी पोशाकको कुनै वर्ग, सप टावेल र टेरी टावेलमा कुल कोटा मध्येबाट ४५ प्रतिशत निर्यात भएपछि वा प्रथम ५ महिना समाप्त भएपछि (जुन पहिला आउछ) सबै तयारी पोशाक, सप टावेल र टेरी टावेलको निर्यात कोटा उपयोगको स्थिति बारे पुनरावलोकन गरी समितिको सिफारिशमा कोटा परिमाण थपघट गर्न सकिनेछ ।

२१ कोटा उपयोगको स्थितिबारे निरन्तर रूपमा तयारी पोशाक निर्यात प्रवर्द्धन समितिले अनुगमन गर्ने व्यवस्था मिलाउने तथा आवश्यकता अनुसार समय समयमा पुनरावलोकन गर्ने छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२ यस नीतिमा कुनै सुधार गर्नु पर्ने भएमा प्रत्येक वर्ष पुनरावलोकन गर्ने गरी सन् २००२ को १ जनवरीदेखि लागू भई आगामी वर्षहरूमा समेत लागु हुनेछ ।

खण्ड ४९, अतिरिक्ताङ्क ३८ (क+३), मिति २०५६ पौष १३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित तत्कालिन वाणिज्य मन्त्रालयको सूचना खारेज गरिएको छ ।

आज्ञाले,

भानुप्रसाद आचार्य

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

620